आज मितिः२०८०।११।२० गते आईबारका दिन विहान ८:०० बजे यस बाणगंगा नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री चक्रपाणी आर्यालज्यूको अध्यक्षतामा बसी निम्नानुसारका प्रस्तावहरु माथी छलफल गरी निर्णय गर्न निम्नानुसारका पदाधिकारीहरुको उपस्थिती रहेको छ ।

| क्र.सं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | चक्रपाणी अर्याल | नगर प्रमुख | |
| २ | रीता कुमारी चौधरी | नगर उप-प्रमुख | |
| ३ | संजु कुमार सारु मगर | वडाध्यक्ष | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष | |
| ५ | टेक बहादुर झेडी मगर | वडाध्यक्ष | — |
| ६ | छविलाल रेश्मी मगर | वडाध्यक्ष | — |
| ७ | दुनिका भुसाल | वडाध्यक्ष | |
| ८ | करुण टण्डन | वडाध्यक्ष | |
| ९ | विष्णु गिरी | वडाध्यक्ष | |
| १० | बाबुराम अर्यल | वडाध्यक्ष | |
| ११ | कमल पौडेल | वडाध्यक्ष | |
| १२ | यम प्रसाद पोख्रेल | वडाध्यक्ष | |
| १३ | नरेन्द्र प्रसाद थारु | वडाध्यक्ष | |
| १४ | केशरा गुरुङ्ग | सदस्य | |
| १५ | चन्द्रवति थारु | सदस्य | |
| १६ | शान्ता पाण्डे | सदस्य | |
| १७ | शारदा परियार | सदस्य | — |
| १८ | कृष्ण कुमार सुनार | सदस्य | |
| १९ | डिल बहादुर सुनार | सदस्य | |
| २० | पिताम्बर विश्वकर्मा | सदस्य | |
| २१ | भक्तिराम मरासिनी | सचिव | |

बाणगङ्गा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बाणगङ्गा, कपिलवस्तु लुम्बिनी प्रदेश, नेपाल

CamScanner

# बाणगङ्गा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु।

**आ.व.०८०।८१ कार्यपालिका बैठक, मिति: २०८०।११।२० गते, बैठक संख्या: १३ को प्रस्ताव, कार्यसूची र निर्णयहरु**

प्रस्ताव नं. १३.१ कृषि उपज संकलन केन्द्रको बजेट सम्बन्धमा,

प्रस्ताव नं. १३.२ स्थानीय आर्थिक सम्बाद समिति गठन सम्बन्धमा,

प्रस्ताव नं. १३.३ खोप केन्द्र निर्माण सम्बन्धमा,

प्रस्ताव नं. १३.४ घरनक्सा अभिलेखको लागि एकाघरको घर परेको सम्बन्धमा,

प्रस्ताव नं. १३.५ बाणगङ्गा नगरपालिकाको लोगो स्वीकृत सम्बन्धमा,

प्रस्ताव नं. १३.६ निर्माण व्यवसायीबाट सम्पन्न हुन नसकेको योजनाको ठेक्का प्रकृया सम्बन्धमा,

प्रस्ताव नं. १३.७ मागमा आधारित नगर प्रमुख आकस्मिक पूर्वाधार विकास कार्यक्रम सम्बन्धमा,

प्रस्ताव नं. १३.८ विविध।

**बाणगङ्गा नगरपालिकाको आ.व.०८०।८१ को कार्यपालिका बैठक संख्या: १३ मिति: २०८०।११।२० का निर्णयहरु:-**

**प्रस्ताव नं. १३.१ कृषि उपज संकलन केन्द्रको बजेट सम्बन्धमा,**

**निर्णय नं. १३.१** DPR मा उल्लेख भए बमोजिम बाणगंगा नगरपालिका वडा न. ११, कपिलवस्तुमा कृषि उपज संकलन केन्द्र निर्माणको लागि बिगतका आ.व. मा रु. ३ करोड बजेट विनियोजन भई नगरपालिकाबाट कार्य संचालनको शुरुवात भएको । चालु आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम ब.उ.शि.न. ३१२०००१२४ संघ विशेष अनुदान क्रियाकलाप न. ११.४.२२.२१५९ खर्च शिर्षक २६३३७ कृषि उपज संकलन केन्द्रको लागि रु. ६ करोड बजेट विनियोजन भएकोमा कार्य संचालनको लागि खानेपानी, ग्रामिण तथा शहरी विकास मन्त्रालय अन्तर्गतको शहरी विकास तथा भवन कार्यालय रुपन्देहीबाट कार्य संचालन हुने गरी अख्तियारी प्राप्त भएकोमा हालसम्म कुनै पनि कार्य संचालन हुन नसकेको अवस्थामा उक्त कार्यालयले यस अपि कार्यान्वयन भएको निकायबाट नै कार्यान्वियन हुन उपयुक्त हुने भनि लेखि आएकोले कृषि तथा भूमि व्यवस्था मन्त्रालय, राप्ती उपत्यका देउखुरी नेपालको मिति २०८०/०९/१८, च.न. ४०३ को प्राप्त पत्रानुसार उल्लेखित कार्यक्रम नगरपालिकाबाट कार्यान्वयन गर्न सकिने / नसकिने प्रतिवद्धता सुनिश्चितता माग गरिएकोमा मिति २०८०/०९/१९, च.न. १८३० को पत्रानुसार उक्त कार्यक्रम कार्यान्वयन गर्न सकिने भनि पत्राचार गरिएकोमा हालसम्म लुम्बिनी प्रदेश सरकारबाट कुनै पनि प्रक्रिया अगाडि बढाएको अवस्था देखिदैन र चालु आ.व. को बाकी अवधिमा रु. ६ करोड बराबरको कार्य सम्पन्न हुन सक्ने अवस्था पनि देखिदैन । तसर्थ चालु आ.व. को रु. ६ करोड र आगामी आ.व.को १० करोड गरी जम्मा १६ करोडको कार्य आगामी आ.व. २०८१/०८२ मा नगरपालिकाबाट कार्यान्वयन हुने गरी बजेट विनियोजनको लागि कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रबर्द्धन केन्द्र हरिहरभवन, ललितपुरमा पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. १३.२ स्थानीय आर्थिक सम्बाद समिति गठन सम्बन्धमा,**

**निर्णय नं. १३.२** नव प्रवर्द्धनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० को दफा ५२ बमोजिम निम्नानुसार स्थानीय आर्थिक विकास प्रवर्द्धन समिति गठन गर्ने निर्णय गरियो ।

**स्थानीय आर्थिक विकास प्रवर्द्धन समिति**

श्री चक्रपाणी अर्यालः नगर प्रमुख – संयोजक
श्री रीता कुमारी थारुः नगर उपप्रमुख – सदस्य
श्री छबिलाल रेश्मीमगरः आर्थिक विकास समिति संयोजक – सदस्य
श्री गणेश बहादुर क्षेत्रीः उद्योग बाणिज्य संघ अध्यक्ष – सदस्य
श्री लक्ष्मण बेल्बासेः सहकारीहरुको प्रतिनिधि - सदस्य
श्री रबिन्द्र पौडेलः घरेलु तथा साना उद्योग महासंघ नगर अध्यक्ष – सदस्य
श्री राम बहादुर खत्रीः प्रबन्धक, कृषि विकास बैंक – सदस्य
श्री रमेश नेपालः उद्यमीहरुको प्रतिनिधि – सदस्य
श्री भक्तिराम मरासिनी, प्रमुख प्रशासकीय अधिकृत – सदस्य सचिव

**प्रस्ताव नं. १३.३ खोप केन्द्र निर्माण सम्बन्धमा,**

**निर्णय नं. १३.३** चालु आर्थिक वर्ष २०८०।०८१ को स्वीकृत वार्षिक कार्यक्रमको नगरभित्रका भौतिक पूर्वाधार निर्माण तर्फ सि.नं.३७६ मा रहेको खोप केन्द्र निर्माण शिर्षकबाट वडा नं. ७ र वडा नं. ११ मा खोपकेन्द्र निर्माण गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १३.४ घरनक्सा अभिलेखको लागि एकाघरको घर परेको सम्बन्धमा,

**निर्णय नं. १३.४** छुट्टीभिन्न नहुँदै कित्ता काट भएको वा नभएको कित्तामा बनेको घर अँशबन्डा गर्दा थोरै वा केही भाग साविक एकाघर परिवारको जग्गामा पर्ने भएता पनि त्यस्ता घरपरिवारको सदस्य हाल जग्गा धनि भएको हकमा निजको मंजुरी/ कबुलियतनामा गराई जग्गा घरधनीको बाहेक परिवारको अर्को सदस्यको कित्ताको क्षेत्रफललाई ह्याच गरी नक्सा अभिलेखिकरण गर्ने कार्यलाई अगाडी बढाउने निर्णय गरियो।

प्रस्ताव नं. १३.५ बाणगङ्गा नगरपालिकाको लोगो स्वीकृत सम्बन्धमा,

**निर्णय नं. १३.५** मितिः २०८०।०३।१५ गतेको सूचना बमोजिम बाणगङ्गा नगरपालिकाको लोगो निर्माणको लागि प्रकासित सूचना बमोजिम ३० जना व्यक्ति, फर्म तथा संस्थाहरुबाट पेश भएका लोगोहरु लोगो छनोट समितिबाट उत्कृष्ट ६ जना Shortlist गरी कार्यपालिकामा पेश गर्न लगाईएको र ति मध्ये अन्तिममा प्रकाश घिमिरेबाट पेश भएको लोगो छनोट हुन निर्णयका लागि छनोट समितिको मितिः२०८०।१०।२४ को सिफारिस अनुसार निजको लोगो परिमार्जन सहित छनोट गर्ने र सूचनामा उल्लेख भए बमोजिम पुरस्कार उपलब्ध गराउने निर्णय गरियो।

प्रस्ताव नं. १३.६ निर्माण व्यवसायीबाट सम्पन्न हुन नसकेको योजनाको ठेक्का प्रकृया सम्बन्धमा,

**निर्णय नं. १३.६** अख्तियार दुरुपयोग अनुसन्धान आयोग टङ्गाल, काठमाण्डौको पत्र संख्याः अनु.५/सी/०८०।८१, च.नं. ४४५००, मितिः२०८०।११।०९ को पत्रानुसार आ.व. २०७८।७९ मा कार्यसम्पन्न गर्ने गरी सञ्चालन भएका ठेक्का हरु सम्पन्न गर्न नसकेको कारण केही ठेक्काहरु अधुरा रहेकोमा बांकी कामको लागत अनुसार सोही निर्माण व्यवसायीबाट असुल हुने गरी निर्णय भईसकेको र सो मध्ये तिनकुने देखि राजापानी जोड्ने सडक कालोपत्रे वडा नं. ३ र ४ को समेत यस चालु आर्थिक वर्ष २०८०।०८१ को स्वीकृत कार्यक्रममा रहेको योजना सडकको Starting Point तिनकुने देखि कार्य सञ्चालन हुने गरी ठेक्का प्रकृया अगाडी बढाउने निर्णय गरियो।

प्रस्ताव नं. १३.७ मागमा आधारित नगर प्रमुख आकस्मिक पूर्वाधार विकास कार्यक्रम सम्बन्धमा,

**निर्णय नं. १३.७** चालु आ.व.२०८०।०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार योजना कितावको सि.नं.४०७ र ४०८ मा रहेको बजेट रकमबाट निम्नानुसारको योजनाहरु कार्यान्वयन गर्ने निर्णय गरियो।

| सि.नं. | योजना | रकम |
|---|---|---|
| १ | कोपवा जीवन गल्ला भन्डार चोक देखि उत्तरपूर्व दीपक खनालको घरसम्म सडक RCC | ५,००,००० |
| २ | रामु बेल्बासेको घर देखि बोदेमार्ग हुँदै कृष्ण गैरेको घरसम्म सडक स्तरोन्नती | ५,००,००० |
| ३ | प्रेम बहादुर आलेको घर देखि बंग्लामुखि जाने सडक स्तरोन्नती | ५,००,००० |
| ४ | शान्तिटोल रिङ्ग रोड टेक बहादुरको घर देखि साकिन्धारे टोल जाने सडक स्तरोन्नती | ५,००,००० |
| ५ | भलवाड खानेपानी पूर्वाधार निर्माण वडा नं. ९ | ५,००,००० |
| ६ | झुंगा तल्लो कुलो बाँध देखि दक्षिणतर्फ नहर निर्माण | ५,००,००० |
| ७ | घरबुधिया सामुदायिक भवन निर्माण | २,००,००० |
| ८ | भड्डिहवा अधुरो शिवालय मन्दिर | १,००,००० |
| ९ | ओदारी पश्चिम-उत्तर टोल खानेपानी धारा तथा क्यापटी बोडिङ् जडान | १,००,००० |
| १० | बरवा नाली निर्माण | १,५०,००० |
| ११ | तिनैया देखि लखनचोक लवनी जोड्ने अधुरो सडक स्तरोन्नती | ३,३५,००० |
| १२ | मिलन टोल बैरिया चर्च भवन अगाडीको सडक कालोपत्रे | ५८,५०० |
| १३ | चौतारी होटल देखि लिटिलस्टार जोड्ने सडक स्तरोन्नती | २६,००० |
| १४ | गुराँस टोल बाबुराम ज्ञवालीको घर पश्चिम पार्वती आचार्यको घरसम्म सडकस्तरोन्नती वडा नं. ४ | ८९,००० |
| १५ | चिरन्जिवी पन्थको घरदेखि प्रेम बेल्बासेको घरसम्म कूलो निर्माण - | १,००,००० |
| | जम्मा | ४१,५८,५०० |

**प्रस्ताव नं. १३.८ विविध**

१३.८.१ पिपरा अस्पतालमा कार्यरत स्वीपर श्री अजोरमति बढईको श्रीमान् राजु बढई विगतमा दुर्घटनामा परी मेरुदण्ड भाचिएर प्यारालाईसिस (पक्षघात) र निजको छोरीको सिकलसेल ऐनेमिया रोगबाट ग्रसित भई उपचारार्थ रहेको र घरको आर्थिक अवस्था अत्यन्त न्यून रहेको भनि आर्थिक सहयोग माग भई आएकोले निम्नानुसार राहत स्वरुप आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

| सि.नं. | नाम | सहयोग रकम |
|---|---|---|
| १ | श्रीमान्- राजु बढई | रु.१०,०००।- |
| २ | छोरा – आशिष बढई | रु.१०,०००।- |
| ३ | छोरी – खुस्बु बढई | रु.१०,०००।- |
| | जम्मा | रु.३०,०००।- |

१३.८.२ भूमि अधिकार तथा श्रमिक संगठन नेपालले भूमिहिन दलित, भूमिहिन सुकम्बासी र अव्यवस्थित बसोबासिहरुको विषयमा सरोकारवालाहरुसंग अन्तरपालिका स्तरीय कार्यक्रमको आयोजना गरेको सो कार्यक्रमको खर्च वापत रु.२५,०००।–माग गरेकोले संस्थागत सहयोग शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

१३.८.३ चालु आर्थिक वर्ष २०८०।०८१ मा विनियोजित बजेटबाट कार्यान्वयन हुने सबै योजना तथा कार्यक्रमहरु फागुन मसान्तभित्र सम्झौता गरिसक्न पहल गर्ने निर्णय गरियो ।

१३.८.४ चालु आर्थिक वर्ष २०८०।०८१ को स्वीकृत वार्षिक कार्यक्रमको सि.नं. ३७९ मा रहेको सहकारीको साझेदारीमा कोशेली घर निर्माण योजना कार्यान्वयनको लागि सहकारी समेतको साझेदारीमा कोशेली घर निर्माणको लागि मितिः२०८०।१०।१८ मा सूचना गरिएकोमा सिनर्जी बहुउद्देश्यीय सहकारी संस्था लि. र सिद्धार्थ बचत तथा ऋण सहकारी संस्थाको प्रस्तावना प्राप्त भएकोमा सहकारीको उद्देश्य अनुरुप बहुउद्देश्यीय सहकारी संस्थासंग सहकार्य गर्न उपयुक्त हुने हुँदा कोशेली घर निर्माण कार्य सिनर्जी बहुउद्देश्यीय सहकारी संस्था लि.संग सम्झौता गरी कार्य अगाडी बढाउने निर्णय गरियो ।

CamScanner